<u>संवत् २०७८ साल भाद्र १५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः</u>

प्र.मं.प.बै.सं. २१।०७८

१. मनाङ जिल्लामा बाढीबाट विस्थापित परिवारलाई थप आर्थिक सहयोग उपलब्ध गराउने।

२. भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत यातायात व्यवस्था कार्यालयहरूमा कम्प्युटर अपरेटरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३. भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत आ.व. २०७८/०७९ मा बजेट विनियोजन छुट भएका ६ वटा योजनाहरूलाई बजेट सुनिश्चितता एवं व्यवस्थापन गरी कार्यान्वयनमा लैजाने।

४. जनयुद्ध र जनआन्दोलनका घाइते, अपाङ्ग लगायत शहीद, बेपत्ता, घाइते र अपाङ्गका परिवारका सदस्यहरूलाई प्रमाणपत्रका आधारमा सरकारी अस्पतालबाट सामान्य स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने।

५. प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यहरूको आ.व. २०७७/०७८ को सम्पत्ति विवरण सार्वजनिक गर्ने।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

# संवत् २०७८ साल भाद्र २१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः

प्र.मं.प.बै.सं. २२।०७८

१. गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ स्वीकृत गर्ने।

२. प्रदेश लोक सेवा आयोगको आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्ने।

३. कृष्णागण्डकी नदी क्षेत्र विकासको निमित्त पूर्व सम्भाव्यता अध्ययनका लागि कार्यदल गठन गर्ने र कार्य क्षेत्र, कार्यदलको सुविधा, कार्यशर्त तोक्ने।

४. वि.सं. २०७८ असोज ३ गतेको छैटौं संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यताका साथ मनाउन देहाय बमोजिमको संविधान दिवस मूल समारोह समिति गठन गर्ने र सो समितिले संविधान दिवसको अवसरमा सञ्चालन गरिने कार्यक्रम निर्धारण गर्ने।

| | | |
|---|---|---|
| १ | माननीय मुख्यमन्त्री | अध्यक्ष |
| २ | माननीय सभामुख | सदस्य |
| ३ | माननीय मन्त्रीहरू | सदस्य |
| ४ | माननीय उपसभामुख | सदस्य |
| ५ | प्रदेश सभाका विषयगत समितिका सभापतिहरु | सदस्य |
| ६ | प्रदेश सभा सदस्यहरू | सदस्य |
| ७ | प्रमुख, पोखरा महानगरपालिका | सदस्य |
| ८ | प्रमुख, जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| ९ | कुलपति गण्डकी विश्वविद्यालय | सदस्य |
| १० | प्रमुख सचिव | सदस्य |
| ११ | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| १२ | मुख्य न्यायाधिवक्ता | सदस्य |
| १३ | प्रदेश लोकसेवा आयोगको अध्यक्ष | सदस्य |
| १४ | प्रदेश सचिवहरू | सदस्य |
| १५ | प्रदेश सभा सचिव | सदस्य |
| १६ | प्रमुख जिल्ला अधिकारी, कास्की | सदस्य |
| १७ | प्रदेश सरकार मातहतका प्रतिष्ठान तथा प्राधिकरणका कार्यकारी निर्देशक/कार्यकारी प्रमुख | सदस्य |
| १८ | नेपाली सेना गण्डकी प्रदेशका प्रमुख/प्रतिनिधि | सदस्य |
| १९ | नेपाल प्रहरी गण्डकी प्रदेशका प्रमुख/प्रतिनिधि | सदस्य |
| २० | सशस्त्र प्रहरी बल नेपाल गण्डकी प्रदेशका प्रमुख/प्रतिनिधि | सदस्य |
| २१ | राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश कार्यालय प्रमुख/प्रतिनिधि | सदस्य |
| २२ | प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख/प्रतिनिधि | सदस्य |
| २३ | निजी क्षेत्रका विभिन्न संघसस्थाका प्रमुख/प्रतिनिधि | सदस्य |
| २४ | नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश प्रमुख/प्रतिनिधि | सदस्य |
| २५ | पत्रकार महासंघ कास्की प्रमुख/प्रतिनिधि | सदस्य |
| २६ | प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरु

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

<u>संवत् २०७८ साल भाद्र ३० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः</u>

प्र.मं.प.बै.सं. २३।०७८

१. गण्डकी प्रदेश प्रशिक्षण परिषद्को सदस्य पदमा मिति २०७८।०६।१५ गतेदेखि लागू हुने गरी कावासोती नगरपालिका-२, नवलपरासी (ब.सु.पू) निवासी श्री विष्णुदेवी पाण्डे, भिमसेन थापा गाउँपालिका-५, गोरखा निवासी श्री मालती भट्ट र काँठेखोला गाउँपालिका-८, बागलुङ निवासी श्री मणिराम कँडेललाई मनोनयन गर्ने।

२. व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरू र रोजगार सूचना केन्द्र, पोखराको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने।

४. गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने।

५. साक्षर गण्डकी प्रदेश घोषणा गर्ने।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।